# नेपाल बार एशोसिएशन
## महिला समिति

३८५/०७५/०७६

नेपाल बार एशोसिएशन Nepal Bar Association

२०७६ असार १९ गते ।

श्री अध्यक्षज्यू
सर्वोच्च अदालत बार, सम्पूर्ण उच्च अदालत बार तथा जिल्ला अदालत बार
एवं
सम्पूर्ण कानून व्यवसायी महिला समितिहरु
नेपाल बार एशोसिएशन ।

विषय :- **कानून व्यवसायी महिलाहरुको २८ औं राष्ट्रिय सम्मेलन सम्बन्धमा ।**

महोदय,
नेपाल बार एशोसिएशनद्वारा आयोजना हुन लागेको कानून व्यवसायी महिलाहरुको २८ औं राष्ट्रिय सम्मेलन "मानव अधिकार र लैगिंक न्यायका लागि समानता, अविभेद र सशक्तिकरण" (Equality, Non-Discrimination & Empowerment for Human Right & Gender Justice) भन्ने मूल नाराका साथ यस वर्ष मिति २०७६ साल भाद्र २० र २१ गते (शुक्रबार र शनिबार) का दिन धनकुटामा आयोजना गर्ने निर्णय भएको छ ।

सम्मेलनमा प्रस्तुत कार्यपत्र माथि गहन छलफल गरिने समेत जानकारी गराउँदछौं ।

कार्यपत्रका विषयहरु :-

१) मानव अधिकार तथा लैङ्गिक न्यायको दृष्टिकोणबाट संविधान कार्यान्वयनसँग सम्बन्धित कानूनहरुको विश्लेषण ।
   क) नागरिकता सम्बन्धी,
   ख) सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य सम्बन्धी,
   ग) रोजगारी सम्बन्धी,
   घ) बाल अधिकार सम्बन्धी ।
२) मुलुकी देवानी संहितामा लैङ्गिक दृष्टिकोणबाट पारिवारिक कानूनको विश्लेषण ।
३) मुलुकी अपराध संहितामा महिला विरुद्धको अपराधः सन्दर्भ र कार्यान्वयनको अवस्था ।
४) न्यायिक समितिको भूमिका, अवसर तथा चुनौतीहरु ।
५) कानून व्यवसायी महिलाको पेशागत अवस्था, अवसर र चुनौतीहरु ।
६) महिला विरुद्धको हिंसा : वर्तमान अवस्था, चुनौती तथा भावी रणनीति ।
७) न्यायमा पहुँच, निःशुल्क कानूनी सहायता र प्रो बोनो (Pro-Bono) ।

कार्यपत्रको ढाँचा तथा प्रक्रिया :-

- कार्यपत्र २५०० शव्ददेखि ३५०० शव्दमा नबढाइ लेखिएको हुनु पर्नेछ ।
- कार्यपत्र नेपाली भाषामा लेख्दा Preeti मा १६ साइज र अंग्रेजी भाषामा Times New Roman मा १४ साइजको हुनु पर्नेछ ।
- कार्यपत्र निम्नानुसारको उपशिर्षकमा विभाजन गरी तयार गरिएको हुनु पर्दछ ।

# नेपाल बार एशोसिएशन
## महिला समिति

३४५/०७५/०७६

- ○ परिचय (छोटकारीमा कार्यपत्रले समेटेको कुरा),
- ○ पृष्ठभूमी,
- ○ विषय वस्तुको सान्दर्भिकता,
- ○ मुख्य समस्या,
- ○ अन्तर्राष्ट्रिय अभ्यास,
- ○ निश्कर्ष र सुझावहरु,
- ○ सन्दर्भ सामग्री सूची र पाद टिप्पणी,

- कार्यपत्र विश्लेषणात्मक र अनुसन्धानमूलक हुनु पर्नेछ ।
- अन्यत्र पेश गरिसकिएका कार्यपत्रलाई समावेश गरिने छैन ।
- लेखकले हालैसालै खिचेको पासपोर्ट साईजको फोटो समेत पठाउनु पर्नेछ ।
- माथी उल्लिखित विषयवस्तुमा कार्यपत्र लेखि मिति २०७६ साल श्रावण १५ गते भित्र नेपाल बार एशोसिएशनमा आफै वा नेपाल बार एशोसिएशनको इमेल neba@nepalbar.org मा पठाई सक्नु पर्नेछ ।
- तोकिएको मापदण्ड पुरा नभएका तथा तोकिएको समयभन्दा पछि प्राप्त भएका कार्यपत्रलाई समावेश गरिने छैन ।

*नोट :-*

- सम्मेलनलाई सहज रुपमा व्यवस्थापन गर्नका लागि त्यस बार एकाइबाट सहभागी हुने महिला कानून व्यवसायीज्यूहरुको संख्या तथा सम्पर्क नम्बर सहितको विवरण २०७६ भाद्र १ गतेभित्र नेबाएमा अनिवार्य रुपमा उपलब्ध गराइ सक्नु पर्नेछ ।
- सहभागिता स्वरुप रु. ५००/- रजिष्ट्रेशन शुल्क निर्धारण गरिएको समेत यसै पत्रमार्फत जानकारी गराईन्छ ।
- अन्य आवश्यक जानकारीका लागि फोन नं. ४२००८३७, ४२००८४०, ४२००८३१ र फ्याक्स नं. ४२००८३९ मा सम्पर्क राख्नु हुन अनुरोध गरिन्छ ।

(नेपाल बार एशोसिएशन / Nepal Bar Association)

.................................

अधिवक्ता रक्षा बस्याल<br>
उपाध्यक्ष, ने.बा.ए<br>
तथा<br>
अध्यक्ष, महिला समिति ।